# दोहोरो सदस्यता लिएका सहकारी संस्थाका सदस्यहरुलाई सहकारी शाखाको सूचना

सहकारी ऐन २०७४ को दफा ३२ को उपदफा (१) मा कुनै ब्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढि संस्थाको सदस्य हुन नपाउने र ऐन प्रारम्भ हुनुअघि त्यसरी एकभन्दा बढि संस्थाको सदस्य रहेको भए तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्ने व्यवस्था भएको बेहोरा विदितै छ ।

सहकारी ऐन २०७४ मिति २०७४ साल कात्तिक १ गतेदेखि जारी भएकाले कसैले एकै स्थानीय तहभित्र कार्यसंचालन गरिरहेका एकै प्रकृतिका एकभन्दा बढि सहकारी संस्थाहरुको सदस्यता लिनुभएको भए २०७७ साल असोज मसान्तभित्रै आफूले छनौट गरेको कुनै एकमात्र सहकारी संस्थाको सदस्यता कायम राखी अन्य सहारी संस्था वा संस्थाहरुको सदस्यता अन्त्य गर्नुहुन अनुरोध छ । सहकारी संस्थाहरुले पनि आफ्ना सहकारी सदस्यहरुलाई अवगत गराएर तदनुसार गर्ने, गराउने ब्यवस्था मिलाउनु हुन सूचित गरिन्छ ।

अन्यथा कानून बमोजिम कारबाही गरिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

२०७७/६/१९